चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८०।०८१

मितिः २०८०।०६।१६

## प्रस्ताव आह्वान सम्वन्धि सुचना

प्रथम पटक प्रकाशित मिति २०८०/०६/१६

यस गाउँपालिका कृषि बिकास शाखाको आ.व.२०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु संचालन गर्नको लागि चिङ्गाड गाउँपालिकामा रहेका व्यवसायिक कृषक/समुह/समिति/सहकारी/कृषि फार्महरु बाट प्रस्ताव/निबेदन आह्वानको लागि यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ । इच्छुक उल्लेखित कृषक/समुह/समिति/सहकारी/कृषि फार्महरु ले यो सूचना प्रथम पटक प्रकाशित भएको मिति ले १५ औं दिन (मिति २०८०/०६/३० ) अन्तिम दिनका दिन सार्वजनिक विदा परेमा सो को भोलि पल्टको दिउसो १२.०० बजे भित्र तपसिलका उल्लेखित कार्यक्रमका लागि कृषि विकास कार्यक्रम सन्चालन कार्याविधि अनुसुची ३ बमोजिमको ढाँचा अनुसारको आवेदन चिङ्गाड गाउँ कार्यापालिका, कृषि विकास शाखामा पेश गर्न हुन जानकारी गराईन्छ । विस्तृत जानकारीका लागि कृषि विकास शाखा चिङ्गाड गाउँपालीकामा सम्पर्क राख्न हुन अनुरोध छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

### लागत साझेदारी तथा अनुदानमा संचालन गर्ने कार्यक्रमहरु

| सि.न. | कार्यक्रमहरु | इकाई | लक्ष्य | स्विकृत बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा मिनिटिलर वितरण | संख्या | ६ | २,४०,०००। | |
| २ | ५० प्रतिशत अनुदानमा थ्रेसर वितरण | संख्या | १ | २,००,०००। | |
| ३ | ५० प्रतिशत अनुदानमा पुरानो फलफूल बगैंचा व्यवस्थापन सामाग्री वितरण | संख्या | १ | १,००,०००। | |
| ४ | ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण | संख्या | १ | २,००,०००। | प्रत्येक वडाको सक्रिय कृषक समूह। सहकारी |
| ५ | ५० प्रतिशत अनुदानमा स्थानिय पि बि एस बिउ आलु दाना वितरण | संख्या | १ | १,००,०००। | |

**आवेदनका साथ सम्मिलित हुनुपर्ने कागजातहरु:**

१. रु. १० को हुलाक टिकट टांस गरेका अनुसुचि ३ बमोजिमको आवेदन फाराम — १ प्रति

२. आवेदकको नागरिकताको प्रतिलिपि — १ प्रति

३. समुह/समिति/सहकारी/फार्म दर्ता सम्वन्धि कागजातका प्रतिलिपिहरु — १ प्रति

४. समुह/समिति/सहकारी/फार्महरुको आवेदन पेश गर्ने संवन्धमा भएको निर्णयको प्रतिलिपि—१ प्रति

५. प्रस्तावको हकमा सञ्चालन गर्ने कार्यक्रमको अनुसूची–४ अनुसारको प्रस्ताव

६. सम्बन्धित वडा कार्यालयको शिफारिस पत्र — १ प्रति

७ आन्तरिक राजश्व कार्यलय दर्ता प्रमाणपत्र प्रतिलिपी — १ प्रति

८ प्रति समुह/समिति/सहकारी/फार्म संचालकले सम्बन्धित विषयमा तालिमहरु लिएको भए तालिम/अनुभव संवन्धि कागजातहरुको प्रतिलिपि — १ प्रति

९. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी — १

..............................

कृषि विकास शाखा प्रमुख

..............................

प्रमुख प्रशासकीय अधिकृत

समिक्षा सोमै

प्रमुख प्रशासकीय अधिकृत